फोन नं.०९१५८०१०१

# भजनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

## मोहना नदिमा माछा मार्ने ठेक्काको सिलबन्दी दरखास्त आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति :- २०७९।०९।०१)

यस भजनी नगरपालिका अन्तर्गत नेपाल भारतको सिमानामा रहेको नेपाल तर्फ पर्ने मोहना नदीमा माछा मार्ने ठेक्का बन्दोबस्त गर्न यस भजनी नगरपालिका नगर कार्यपालिकाको मिति २०७९।०८।२० गतेको निर्णय अनुसार आ.व.२०७९।०८० का लागि देहाय बमोजिमका शर्तहरुको अधिनमा रही माछा मार्ने ठेक्काको सिलबन्दी बढाबढ प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| सि. नं. | ठेक्का नं. | ठेक्काको नाम | ठेगाना | न्यूनतम कबोल अंक रकम रु. | दरभाउपत्र फाराम दस्तुर | कै. |
|---|---|---|---|---|---|---|
| १ | ०१।२०७९ -०८० | मोहना नदिको नेपाल तर्फको भागमा माछा मारी बिक्रिवितरण गर्ने | भजनी न.पा.क्षेत्र भित्र पर्ने मोहना नदिमा वडा नं.७ को हिम्मतपुरघाट देखि वडा नं.३ कुसुमघाट गौरव बोहराको घरसम्मको क्षेत्र । | १,३९,०००।- (एक लाख उनन्चालीस हजार मात्र) | १,०००।- | |

***शर्तहरु :-***

१. सिलबन्दी दरखास्त फाराम सूचना प्रकाशित भएको मितिले **७ (सात)** दिन (मिति २०७९/०९/०७ गते) सम्म कार्यालय समय भित्र यस कार्यालयको राजश्व शाखाबाट नगद रकम रु. १०००।- (रु. एक हजार मात्र) दस्तुर ( पछि फिर्ता नहुने) बुझाई ८ औं दिन (मिति २०७९/०९/०८ गते) दिनको १२:०० बजे भित्र भजनी नगर कार्यपालिकाको कार्यालयमा दर्ता गर्नु पर्नेछ । उक्त सिलबन्दी फारम सोही दिन दिनको २:०० बजे भजनी स्थित सरकारी कार्यालयका प्रतिनिधि र ठेक्का दाताहरुको रोहवरमा नगर कार्यपालिकाको कार्यालयमा खोलिनेछ । ठेक्का दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि ठेक्का खोल्न बाधा पर्ने छैन ।

२. ठेक्का फाराम खरीद गर्ने वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु क्रमश :लगत्तै कार्यालय खुलेको दिनमा हुनेछ ।

३. दरखास्तदाताले व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी र संघ, संस्थाको हकमा दर्ता प्रमाणपत्रको प्रतिलिपि आ.व.२०७९/०८० सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी , अनिवार्य रुपमा संलग्न राख्नु पर्नेछ ।

४. ठेक्का फारमको खाम बाहिर यस भजनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको नाम सम्बोधन गरी सम्बन्धित ठेक्काको नाम लेखि ठेकेदारको नाम र ठेगाना पनि उल्लेख गर्नुपर्ने छ ।

५ दरखास्तदाताले कबोल गरेको दररेट अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

६. ठेक्का प्रक्रियामा भाग लिन चाहने दरखास्तदाताले नगरपालिकाले निर्धारण गरेको न्युनतम रकमको नेपाली नागरिक भए ५ प्रतिशत र विदेशी नागरिक भएमा १० प्रतिशत धरौटी रकम यस नगर कार्यपालिकाको कार्यालयको नाममा रा.बा. बैंक लिमिटेड भजनी शाखामा रहेको **धरौटी खाता नं.४१५०१००३०३००००२** मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न राखि पेश गर्नुपर्नेछ ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत

७. दरखास्त स्विकृत भएको दरखास्तदाताले स्वीकृत भएको मितिले ७ (सात) दिन भित्र कबोल रकम एकमुष्ट बुझाउनु पर्नेछ ।

८. माछा मार्ने ठेक्काको अवधि सम्झौता भएको मिति देखी २०८० साल असार मसान्तसम्म हुनेछ ।

९. प्रचलित कानुन बमोजिम कालोसूचीमा नपरेको नगर कार्यपालिकालाई तिर्नुपर्ने सम्पूर्ण कर, दस्तुर, पुरानो बक्यौता रकम नरहेको स्वघोषणा गनुपर्नेछ । कालो सूचीमा परेका तथा नगरपालिकालाई बुझाउनुपर्ने बक्यौता रहेका व्यक्ति फर्म तथा कम्पनीहरुको सिलबन्दी पत्र उपर कुनै कारवाही हुने छैन ।

१०. म्याद नाघी आएको, रित नपुगेको, शर्त राखिएको ठेक्का उपर कुनै कारवाही गरिने छैन ।

११. पेश भएको सिलबन्दी दरखास्तपत्र स्वीकृत गर्ने वा नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा कुनै पनि कारण जनाई वा नजनाई सूचना नै रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१२. यसमा उल्लेख नभएको विषयको हकमा स्थानीय सरकार संचालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ एवं प्रचलित कानून बमोजिम हुनेछ ।

१३. माछा मार्ने ठेकेदारले जैविक विविधतामा असर पर्ने (नदिमा विषादी, विद्युतीय उपकरण) र जलचर प्राणी डल्फिनलाई असर पर्ने गरी कुनै कार्य गर्न पाईने छैन ।

१४. सूचनाको सम्बन्धमा थप जानकारी आवस्यक भएमा यस कार्यालयको राजस्व शाखाबाट प्राप्त गर्न सकिने छ ।

भजनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

सुर्य बहादुर सिंह
नि. प्रमुख प्रशासकीय अधिकृत

निमित्त प्रमुख प्रशासकीय अधिकृत